**निर्णय नं.१**

कर्जन्हा नगरपालिकाको आर्थिक विद्येयक २०७६ लाई स्वीकृत गरि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

कर्जन्हा नगरपालिकाको विनियोजन विद्येयक २०७६ लाई स्वीकृत गरि पारित

गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

आ.व. २०७५/०७६ मा नगरकार्यपालिकाको वैठकबाट भए गरेका सम्पुर्ण निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

आ.व. २०७६/०७७ मा कर्जन्हा नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त हुने शसर्त अनुदान तर्फको रकम तोकिएको कार्यक्रम र विनियोजित वजेट अनुसारनै खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

आ.व. २०७६/०७७ मा कर्जन्हा नगरपालिकामा अन्य निकायबाट प्राप्त हुने शसर्त निर्षत अनुदान तर्फको रकम नगरकार्यपालिकाको निर्णयानुसार खर्च गर्ने गरी कार्यपालिकालाई अख्तियार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

यस कर्जन्हा नगरपालिकाको नगर कार्यपालिकाबाट पारित गरि तेस्रो नगर सभावाट अनुमोदन हुने कर, दस्तुर र शुल्कहरु मिति २०७६/०४/०१ देखि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६ लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

यस कर्जन्हा नगरपालिकाको तेस्रो नगर सभावाट स्वीकृत बजेट तथा कार्यक्रमहरु विनियोजन ऐन २०७६ बमोजिम कार्यपालिका बैठकबाट आवश्यकता र औचित्यका आधारमा संशोधन, रकमान्तर र परिमार्जन गर्न अख्तियारी नगर प्रमुख दिने निर्णय गरियो ।

**निर्णय नं.९**

चालु आ.ब.२०७५।०७६ को विभिन्न मितिमा नगर कार्यपालिकाबाट भए गरेका निर्णयहरु तथा नगर कार्यपालिकाको कार्यालयबाट हाल सम्म भए गरेका सम्पुर्ण प्रशासनीक तथा आर्थिक कार्यहरु सम्बन्धी निर्णय एवं कार्यहरुलाई तदअनुरुप अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

कर्जन्हा नगरपालिकाको तेस्रो नगर सभावाट निर्णय हुन नसकेका वा निर्णय हुन छुट भएका आवश्यक पर्ने थप निर्णय गर्नु परेमा कार्यपालिकाबाट निर्णय गराई अगामी नगर सभाबाट अनुमोदन हुने गरी लागु गर्ने निर्णय गरियो ।

**निणर्य नं.११**

यस कार्यपालिकाको, न्यायिक समिति नगर प्रमुख लगायत वडा कार्यालयलाई विपक्षी वनाई दायर भएको मुद्दाहरुको ड्राफ उजुरी लिखित प्रतिवाद गर्नु पर्ने कार्यका लागि कानुन व्यवसायीलाई आवश्यकता पर्ने भएको एक जना कानुनी सल्लाहकारको सेवा करारमा लिने र सेवा सुविधा आपसी समझदारीमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२**

यस कर्जन्हा नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्य सम्पादन तथा मुल्यांकनको आधारमा प्रोत्साहन स्वरुप एक महिनाको तलवमा नवढने गरि रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३**

कर्जन्हा नगरपालिकालाई आवश्यक फोहर मैला व्यवस्थापनको लागि तथा आवश्यक कार्यालय सहयोगि मालि, इलेक्ट्रीक सियन, पलम्वर, ड्राइभर, चौकी दार लगायतका श्रेणी विहिन पदका कर्मचारीहरु प्रकृया पुस्टयाई करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**

कर्जन्हा नगरपालिकाको लागि आश्यक नियमावली, निर्देशिका, मापदण्ड लगायत निति नियम कानुन बनाइ कार्यान्वयन गर्ने अख्तियारी नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं.१५**

कर्जन्हा नगरपालिका अन्तर्गत कार्यरत करारका कर्मचारीहरुलाई आवश्यकता, औचित्य तथा कार्य सम्पादनको आधारमा करारको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६**

यस नगर कार्यपालिकाको आ.ब.२०७६।०७७ को नीति कार्यक्रम बजेट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७**

यस नगरपालिकामा आ.ब.२०७६।०७७ मा संचालन हुने वडागत योजनाहरु वडा समितिको निर्णयअनुसार संचालन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.१८**

यस कर्जन्हा नगरपालिकामा गठन भएको नगर प्रमुखको सचिवालयलाई अगामी आ.व.मा समेत निरन्तरता दिने निर्णय पारित गरियो ।

**निर्णय नं.१९**

कर्जन्हा नगरकार्यपालिकाको दोस्रो नगर सभाबाट पारित नगर स्तरीय तथा वडागत योजनाहरु तथा उक्त योजनाहरुको विनियोजित रकममा विभिन्न मितिमा कार्यपालिकाबाट निर्णय गरि संशोधन भएका योजना तथा विनियोजित बजेट समेतलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**

यस कर्जन्हा नगरपालिकाको आ.व २०७४/०७५ म

ा विनियोजित योजना तथा कार्यक्रमहरुको बजेटलाई संचित कोष खातामा जम्मा गरि राख्ने निर्णय गरियो ।

**निर्णय नं.२१**

आ.व २०७५/०७६ को लागि विनियोजित गरिएको बजेटमा चालु खर्च शिर्षक अन्तर्गत पदाधिकारी बैठक भतावाट रकम रु १५,५०,०००।- घटाई पदाधिकारी तलब भतामा सोही बराबरको रकम रु १५,५०,०००।- थप्ने निर्णय गरियो ।

**निर्णय नं.२२**

आ.व २०७५/०७६ को लागि विनियोजित गरिएको बजेटमा चालु खर्च शिर्षक अन्तर्गत सुचना प्रणाली तथा सफटवेयर संचालन खर्च वाट रकम रु ७,००,०००।- घटाई पदाधिकारी ईन्धनमा  रु ५,००,०००।- सेवा र परामर्शमा रु २,००,०००।- थप्ने निर्णय गरियो ।

**निर्णय नं.२३**

आ.व २०७५/०७६ को लागि विनियोजित गरिएको बजेटमा पुजिगत खर्च शिर्षक अन्तर्गत प्रवर्धनात्मक पर्यटन क्षेत्र विकासवाट रकम रु १२,००,०००।- घटाई मेशनरी औजारमा रु ४,००,०००।- फर्निचर फिक्चर्समा रु ५,००,०००।- र प्रवर्धनात्मक लक्षितमा  रु ३,००,०००।- थप्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

कर्जन्हा नगरपालिकाबाट राजपत्र प्रकाशन गर्नका लागी **“कर्जन्हाराजपत्र प्रकाशन सम्बन्धि कार्य विधि २०७६”** लाई स्वीकृत गरी पारीत गर्ने निर्णय गरियो ।

# कर्जन्हाराजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना :**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरपालिकाको बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड कर्जन्हा राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,पहिलो पटक कर्जन्हाराजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, कर्जन्हाराजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, कर्जन्हा राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, कर्जन्हाराजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, कर्जन्हाराजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न वाञ्छनीय भएकोले कर्जन्हानगरसभाको मिति २०७५।०३।३२ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग-१
## प्रारम्भिक

१. **कार्यविधिको नाम :** यस कार्यविधिको नाम **कर्जन्हाराजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७६** रहेको छ ।

२. **कार्यविधि लागू हुने :** यो कार्यविधि **कर्जन्हानगरसभा**बाट स्वीकृत भएको मितिदेखि लागूहुनेछ ।

## भाग-२
## कर्जन्हाराजपत्रको भाग र ढाँचा

३. **कर्जन्हाराजपत्रको भागहरु :** कर्जन्हाराजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची-१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **कर्जन्हाराजपत्रको ढाँचा :** कर्जन्हाराजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**खण्डको व्यवस्था :** कर्जन्हाराजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७६ साललाई १, २०७७ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

५. **कर्जन्हाराजपत्रको संख्या :** (१) कर्जन्हाराजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदाफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो वर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को वर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

६. **कर्जन्हाराजपत्रमा प्रकाशन गर्ने सामग्री :** कर्जन्हाराजपत्र प्रकाशन गर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी ( जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

७. **कर्जन्हाराजपत्र प्रकाशन गर्ने अधिकारी :** कर्जन्हाराजपत्र कर्जन्हानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग-३
## कर्जन्हाराजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

८. **कर्जन्हाराजपत्र प्रकाशनको जिम्मेवारी :**(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई कर्जन्हाराजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र कर्जन्हाराजपत्र प्रकाशन गरिनेछ ।

९. **प्रकाशनपूर्व सम्पादन गर्नुपर्ने :**(१) प्रकाशन हुने सामग्री नगर कार्यपालिकाको कानून सम्बन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

१०. **कर्जन्हाराजपत्रको अभिलेख व्यवस्थापन :**(१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम कर्जन्हाराजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

११. **नि:शुल्क रुपमा उपलब्ध गराउनु पर्ने :** नगरपालिकाले कर्जन्हाराजपत्रको प्रकाशित प्रति देहायका निकायमा नि:शुल्क रुपमा उपलब्ध गराइनेछ ।

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा, र

(ङ) नगरपालिकाका प्रत्येक वडा कार्यालय

१२. **वेभ साइटवाट सार्वजनिक गर्नुपर्ने :** नगरपालिकाबाट प्रकाशित कर्जन्हाराजपत्रलाई नगरपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१३. **विक्री वितरणको व्यवस्था तथा विक्री मूल्य :**(१) प्रकाशित कर्जन्हाराजपत्र नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेखकेन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) कर्जन्हाराजपत्रको देहाय बमोजिमको विक्री मूल्य निर्धारण गरिएको छ ।

**(क) बार्षिक सदस्य बनाई बिक्री गर्दा :** वडा कार्यालय वा कर्जन्हानगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु.६००। (छ सय मात्र)

**(ख) खुद्रा बिक्री गर्दा :** कर्जन्हाराजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले कर्जन्हाराजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १० पेज सम्म एक प्रतिको रु. १० मात्र
- २० पेज सम्म एक प्रतिको रु.४० मात्र
- ५० पेज सम्म एक प्रतिको रु.६० मात्र
- ७० पेज सम्म एक प्रतिको रु.८० मात्र
- १०० पेज सम्म एक प्रतिको रु.१०० मात्र
- १०० पेज माथि रु. २५० मात्र

१४. **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** कर्जन्हाराजपत्र बिक्री बापत प्राप्त राजश्व कर्जन्हानगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१५.	**कार्यविधिको व्याख्या :** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१६.	**बचाऊ :** यो कार्यविधि लागू हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

**अनुसूची-१**

(दफा ३ सँग सम्बन्धित)

**कर्जन्हाराजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु**

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा कर्जन्हानगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

**अनुसूची-२**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

कर्जन्हानगरपालिका

स्थानीय राजपत्र

खण्ड......संख्या....मिति............/......./........

**भाग-१**

**कर्जन्हानगरपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-२**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

कर्जन्हानगरपालिका

स्थानीय राजपत्र

खण्ड......　　　संख्या....　　　मिति............/......./........

**भाग-२**

**कर्जन्हानगरपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत